बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०५।१८ गते बुधबार बिहान ८:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | [signature] |
| ३ | श्री सुमन पौडेल | राजश्व शाखा प्रमुख | |
| ४ | श्री प्रविन साह | इन्जिनियर | [signature] |
| ५ | किरण चौधरी | का. स | किरण |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १: चालु आ.व. २०८२-०८३ का नगर गौरव का योजना, संघीय तथा प्रदेश सरकार बाट हस्तान्तरित योजनाहरुको ठेक्का आव्हान सम्बन्धमा ।

२. प्रस्ताव नं. २: झुम्का आधारभूत अस्पतालको स्वास्थ्य बीमा कार्यक्रम सूचारु सम्बन्धमा ।

३. प्रस्ताव नं. ३: भूमिहीन सुकुम्बासी समस्या समाधान जग्गाको सकरात्मक र नकरात्मक सूची सम्बन्धमा ।

४. प्रस्ताव नं. ४: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा रामधुनी नगरपालिकाको १८ औं नगर सभाबाट आ.व. २०८२/०८३ को लागि स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपशिल वमोजिमका योजनाहरु संचालनको लागि राष्ट्रियस्तरमा खुल्ला बोलपत्र (E-Bidding) आहवान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।



CamScanner

बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

तपशिल:

| सि.नं. | योजनाको नाम | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | बिचला टोल शिवनगर देखि पण्डित चौक जाने बाटो कालोपत्रे वडा नं २ | 3,000,000 | |
| २ | कजरा खोलादेखि मनिसुन्दर तर्फ जाने बाटो कालोपत्रे वडा नं ७ | 5,000,000 | |
| ३ | शिवनगर सिताराम चौधरीको घर देखि धन बहादुर नगर सम्म कालोपत्रे वडा नं २ | 2,000,000 | |
| ४ | पूर्व सिंगिया टोल बाटो कालोपत्रे वडा ३ | 3,000,000 | |
| ५ | सिसुवा देखि जमुवा जाने बाटो कालोपत्रे वडा नं ६ | 5,000,000 | |
| ६ | पथ्थरदेवा रामपुरा जोड्ने सडक कालोपत्रे क्रमागत वडा ४ | 5,000,000 | |
| ७ | धमौरी दत्किच्चा जोड्ने बाटो कालो पत्रे वडा नं २ | 2,000,000 | |
| ८ | केदार दाहालको खेत देखि दक्षिण कृष्ण कटुवालको घर सम्म जाने बाटो कालोपत्रे वडा ४ | 3,000,000 | |
| ९ | रेग्मी टोल रघुनाथपुर कालोपत्रे वडा नं ८ | 5,000,000 | |
| १० | झुम्का बजार वाट मिठु चौक हुँदै डुमरिया जाने बाटो कालोपत्रे वडा नं १ | 5,000,000 | |
| ११ | पिप्राहादेखि खानेपानी जानेबाटो (देवान खड्का) कालोपत्रे वडा ३ | 2,000,000 | |

CamScanner

| | | | |
|---|---|---|---|
| १२ | तिन कुने पौडेल चौक सडक कालोपत्रे वडा ८ | 60,00,000 | |
| १३ | मचैया कदम चौक पूर्व नन्दकुमारको घर हुँदै मुसहरी जाने बाटो कालोपत्रे वडा नं ९ | 5,000,000 | |
| १४ | विनोद राजधामीको घर देखि शंकर बेली जाने बाटो कालोपत्रे | 2,000,000 | |
| १५ | सितपुर पोखरी देखि रघुनाथपुर जोड्ने बाटो कालोपत्रे निर्माण | 39,00,000 | |
| १६ | धमौरा राम प्रसाद ओझा घर पूर्व दत्तकिच्चा पुल जाने बाटोमा कालोपत्रे वडा नं. २ | 9,00,000 | |

निर्णय नं.२

झुम्का आधारभूत अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम सुचारू गर्ने प्रस्तावलाई आगामी बैठक मा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल हुँदा भुमिहिन सुकुम्वासी, भुमिहिन दलित तथा अव्यवस्थित बसोवासीका लागि जग्गा वितरणका लागी देहाय बमोजिमको क्षेत्र निर्धारण गर्ने र जग्गा वितरणका लागि देहाय का जग्गा क्षेत्रहरुलाई सकरात्मक र नकरात्मक सूचीमा राख्ने निर्णय गरियो ।

देहायः

क) नगरपालिका भित्रका जग्गाहरुलाई ग्रामीण क्षेत्र, सहरोन्मुख क्षेत्र र सहरी क्षेत्रमा वर्गिकरण गर्ने ।

ख) देहायका जग्गा उपलव्ध नगराइने ( नकरात्मक सूचिको जग्गाहरु)

१) धार्मिक, सास्कृतिक तथा सामाजिक महत्वका क्षेत्र भित्रका जग्गाहरु,

CamScanner

२) प्राकृतिक प्रकोप, विपद व्यवस्थापन र वातावरण संरक्षणको दृष्टिकोणबाट सुरक्षित गर्न आवश्क देखिएको जग्गाहरु,

३) सार्वजनिक जग्गाहरु,

४) नदी, खोला वा नहर किनाराकी जग्गाहरु

५) जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गाहरु

६) राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गाहरु

७) रुख विरुवाले ढाकिएको वनक्षेत्रको जग्गाहरु

८) सडक सिमाभित्रका जग्गाहरु

९) नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको प्रयोगका लागि आवश्यक रहेका जग्गाहरु

१०) कसैको निजी जग्गामा भाडा तिरी वा नतिरी बसेको जग्गाहरु

११) भूउपयोग क्षेत्र बर्गिकरणमा आवास वा कृषिका लागि उपलब्ध गर्न नसकिने जग्गाहरु

ग) उपलब्ध गराउन सकिने (सकरात्मक सूचिको जग्गाहरु)

१) आवाद लायक वा वसोवास योग्य ऐलानी जग्गाहरु

२) पर्ती, नदी उकास लगायतका बसोवास वा खेतियोग्य अन्य सरकारी जग्गाहरु

३) साविकको वनक्षेत्र जनिएको भएता पनि आवादीमा परिणत भएको जग्गाहरु

<u>निर्णय नं.४(क)</u>

रामधुनी न.पा. वडा नं. ४ को च.न. ००३०२ मिति २०८२।०५।१७ गतेको प्राप्त पत्रानुसार वडा नं. ४ निवासी श्री सविना चौधरी ताजपुरियाको माग निवेदन बमोजिम निजको जुम्ल्या बच्चा पालनपोषणका निमित आर्थिक सहयोग वापत रकम रु १५,०००।- आर्थिक सहायता शिर्षक बाट भुक्तनी गर्ने निर्णय गरियो ।

बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(ख)**

रामधुनी न.पा. अन्तर्गत सिंगिया प्रहरी चौकी लालपुरको माग निवेदन बमोजिम उक्त प्रहरी चौकीको लागि प्रयोग भएको मटरसाईकको मर्मत बमोजिमको रकम रू १६,०००।- सवारी साधन मर्मत संभार शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ग)**

रामधुनी न.पा. वडा नं. ६ को च.न. ००३१४ मिति २०८२।०५।१७ गतेको प्राप्त पत्रानुसार वडा नं. ६ स्थिति बक्लौरी बजारमा खाल्डा खुल्डी भई मर्मत गर्नु पर्ने भएकाले प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ९८,७१७।- मर्मत संभार शिर्षकबाट भुक्तनी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(घ)**

रामधुनी न.पा. वडा नं. २ को च.न. ००६२५ मिति २०८२।०५।१७ गतेको प्राप्त पत्रानुसार वडा नं. २ स्थिति कालीझोडा हुदैं रामधुनी मन्दिर जाने बाटो खाल्डा खुल्डी भई मर्मत गर्नु पर्ने भएकाले प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ६९,१३०।- मर्मत संभार शिर्षकबाट भुक्तनी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ङ)**

यस कार्यालयको आन्तरिक श्रोतबाट गरिने इन्धन खर्चलाई अधिकत्तम मितव्यियता अपनाई खर्च गर्न आ.व. २०८२/८३ मा तपसिल बमोजिमको थप मापदण्ड, इन्धन खर्च मापदण्ड २०८२ मा स्वीकृत गरि कार्यवन्यन गर्ने गराउने निर्णय गरियो ।

तपसिलः

१. स्वास्थ्यकर्मी (इन्चार्ज) - ५ लि.
२. सामुदायिक विद्यालय (प्र.अ.) - ५ लि.



CamScanner

बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(च)**

श्री संयुक्त भुतपुर्व सैनिक संस्था भा.सि - ५ को च.न. ०१ मिति २०८२।०३।१७ गतेको प्राप्त पत्रानुसार उक्त संस्था बाट जिवित प्रमाणित सिविर संचालन सम्पन्न भएको हुँदा उक्त कार्यक्रमका लागि आर्थिक सहयोग बापत रकम रु २०,०००।- आर्थिक सहायता शिर्षक बाट भुक्तनी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(छ)**

मानसिक स्वास्थ्य जाँच प्रत्येक महिनाको अन्तिम मंगलबार झुम्का आधारभूत अस्पतालमा विराट मेडिकल कलेज तथा टिचिङ अस्पतालका विशेषज्ञ डाक्टरहरु बाट निःशुल्क स्वास्थ्य जाँस संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ज)**

संघीय शहरी विकास तथा भवन निर्माण विभागले आ.व. २०८२।०८२ को वजेट ब.उ.शि.नं. ३४७०११११४ (वस्ती विकास कार्यक्रम ) अन्तर्गत फतेपुरिया थारू बासघरा भवन निर्माण सुनसरी लाई रु ३,००,००,००० ।- बजेट विनियोजन गरिएको हुँदा रामधुनी न.पा. वडा नं. १ साविक भा.सि. गाविस ७ ख कित्ता नं. १९०,१९१,१९२ को अन्दाजी १ विघा ८ कठ्ठा जग्गामा उक्त वासघरा भवन निर्माण का लागि सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनिति २०७९ को दफा ४ (२) ग वमोजिम सम्वन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं.४(झ)**

रामधुनी नगरपालिकाको १८ औं नगर सभाबाट आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत केदार दाहालको खेत देखि दक्षिण कृष्ण कटुवालको घर सम्म जाने बाटो कालोपत्रे वडा ४ को लागि रकम रु.२५,००,०००/- र नवराज खड्का(सानो) को घर अगाडिको बाटो स्तर उन्नती वडा नं ४ को लागि रकम रु.५,००,०००/- विनीयोजन भएकोमा दुवै योजना एउटौं बाटोमा भएकोले रकम रु.३०,००,०००/- को केदार दाहालको खेत देखि दक्षिण कृष्ण कटुवालको घर सम्म जाने बाटो कालोपत्रे वडा ४ नाम कायम गरि ठेक्का आवहान गर्ने निर्णय गरियो।

बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.४(य)

रामधुनी नगरपालिकाको १८ औं नगर सभाबाट आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपशिल वमोजिमका योजनाहरु संचालनको लागि राष्ट्रियस्तरमा खुल्ला बोलपत्र (E-Bidding) आहवान गरिएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.नं. | योजनाको नाम | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | धिरज बरालको घर देखि अम्विका कार्कीको घर सम्म जाने बाटो कालोपत्रे/ ढलान वडा ५ | 2,500,000 | |
| २ | कौशल ढुंगानाको घर देखि कलस पार्टी प्यालेस सम्म बाटो इन्टरलक वडा नं ५ | 2,500,000 | |
| ३ | चन्द्रकमल मा.वि भवन निर्माण रामधुनि नगरपालिका वडा नं. ९ | 30,000,000 | |

निर्णय नं.४(ट)

रामधुनी नगरपालिकालाई संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (सम्पुरक अनुदान) तर्फ रामधुनी मा.वि. रामधुनी वडा नं.४ विद्यालय भवन निर्माण र छप्की चिल्ड्रेन पार्क निर्माण रामधुनी नं.पा. ९ छप्की योजनाको लागि रकम रु.६८,००,०००/- विनियोजन भएकोमा नगरपालिकाको सम्पुरक कोषबाट ६०% ले हुने रकम रु.१,०२,००,०००/- साझेदारी गरि जम्म रु.१,७०,००,०००/- को तपसिल वमोजिम योजनाहरु संचालनको लागि राष्ट्रियस्तरमा खुल्ला बोलपत्र (E-Bidding) आहवान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल्

तपसिल:

| सि.नं. | योजनाको नाम | संघिय सरकारवाट विनियोजित रकम रु. | नगरपालिकाको साझेदारी रकम रु. | जम्म रकम रु. |
|---|---|---|---|---|
| १ | रामधुनी मा.वि. रामधुनी वडा नं.४ विद्यालय भवन निर्माण | ४०,००,०००/- | ६०,००,०००/- | १,००,००,०००/- |
| २ | छप्की चिल्ड्रेन पार्क निर्माण रामधुनी नं.पा. ९ छप्की | २८,००,०००/- | ४२,००,०००/- | ७०,००,०००/- |
| | जम्मा रकम रु. | ६८,००,०००/- | १,०२,००,०००/- | १,७०,००,०००/- |

**निर्णय नं.४(ठ)**

श्री सरस्वती आधारभूत विद्यालय को च.न. ००१५ मिति २०८२।०५।११ को पत्रानुसार र विद्याय व्यव्थापन समितिको निर्णय बमोजिम विद्यालय भवन निर्माणका लागि संघीय अनुदान प्राप्त भएकाले पुरानो र जिर्ण अवस्थामा रहेको २ वटा वर्डभिजन ब्लक र जाइका ब्लक भत्काएर नँया भवन निर्माण गर्नका लागि पुरानो ब्लक प्राविधिक मुल्याङ्कनको आधारमा भत्काउने निर्णय गरियो ।

**निर्णय नं.४(ड)**

श्री आदर्श मा.वि. रामधुनी ६ वक्लौरी लाई आ.व. २०७९-०८० मा नमुना विद्यालय शौक्षिक तथा व्यव्थापकिय सुधारका लागि संघीय सरकार बाट प्राप्त रकम रु ५२,००,०००।- निकासा गरि खाता रोका भएकोमा हाल माग भई आएको रकम रु २५,९०,३७०।- अनुगमन तथा यकिन गरि फुकुवा गर्ने र यस अघि निकासा फुकुवा भएको रकम समेत यकिन गरि बाकी रकम वेरुजु खर्च खातामा फिर्ता गर्न र कर दायित्व दाखिला गरि सकल भौचर पेश गर्न उक्त विद्यालय लाई निरर्देश दिने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: ६।२०८२-२०८३
बैठक मिति:२०८२।०५।१८ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(ढ)**

प्रस्ताव नं. ४ (ढ) माथि छलफल गर्दा देहायका फर्म तथा संस्थाहरुले घ वर्गको निर्माण इजाजत पत्र प्रदान गर्ने कार्यविधी २०८२ वमोजिम आवश्यक कागजात तथा प्रमाणहरु संलग्न गरी आवेदन पेश गरेको हुँदा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

देहाय :

| | | |
|---|---|---|
| क) नीव करौरी कन्स्ट्रक्सन | रामधुनी न.पा.७, सुनसरी | PAN no: ६०५७८९४८१ |
| ख) वालाजी कन्स्ट्रक्सन | रामधुनी न.पा.६, सुनसरी | PAN no : १४८२०६५७९ |

**निर्णय नं.४(ण)**

रामधुनी न.पा. वडा नं. ६ मा रहेको इलाका प्रहरी कार्यालय भवन निर्माण जाने वाटो खाल्डा खुल्डीमा माटो र गिट्टी हाली मर्मत गर्नु पर्ने भएकाले प्राविधिक लागत अनुमान वमोजिम मर्मर गराई मर्मत संभार शिर्षक वाट भुक्तानी गर्ने निर्णय गरियो ।



CamScanner